महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)


# ग्राहक पहिचान विवरण अद्यावधिक गर्ने बारेको अत्यन्त जरुरी सूचना

यस महालक्ष्मी विकास बैंक लिमिटेडमा खाता खोल्नुभएका कतिपय ग्राहक महानुभावहरुको ग्राहक पहिचान विवरण (KYC) हालसम्म पनि अद्यावधिक हुन नसकेको हुँदा त्यस्ता ग्राहक महानुभावहरुले आफ्नो विवरणहरु यथाशिघ्र अद्यावधिक गराउन अनुरोध गर्दछौं । ग्राहक पहिचान विवरण अद्यावधिक नरहेका ग्राहकहरुले विवरण अद्यावधिक नगरेसम्म कारोवार गर्न नमिल्ने बैंकको नीतिगत व्यवस्था रहेको व्यहोरा समेत जानकारी गराउदछौं ।

ग्राहक पहिचान सम्बन्धी व्यवस्था एउटा निरन्तर प्रकृया भएको हुनाले बिगतमा आफ्नो विवरण उपलव्ध गराई नियमित कारोवार गर्दै आउनु भएका ग्राहक महानुभावहरुले समेत आफूले बैंकमा पेश गरेको कुनै विवरणमा परिवर्तन भएमा अथवा बैंकले केहि थप विवरणको जानकारी माग गरेमा सोहि बमोजिम ग्राहक पहिचान विवरण तत्काल उपलव्ध गराई दिनु हुन समेत अनुरोध गरिएको छ ।

आफ्नो विवरण अद्यावधिक गर्न ग्राहक महानुभाव स्वयम् आफुलाई पायक पर्ने कुनैपनि शाखामा उपस्थित भै अद्यावधिक गराउन सकिने व्यहोरा समेत अनुरोध गर्दछौं ।

**नोटः** KYC अद्यावधिक गराउने नाममा बैंकले ग्राहकको कुनै पनि विवरण फोन मार्फत माग्दैन, यदी कुनै अपरिचित व्यक्तिले फोन मार्फत यस्तो विवरण मौखिक रुपमा मांग गरेमा सतर्क हुन तथा सम्बन्धीत शाखामा सम्पर्क राख्न समेत अनुरोध छ ।


**केन्द्रीय कार्यालय**
दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८७१९/२०